The School District of Philadelphia

**Southwark Elementary School**

*"A Smile is the Same in Any Language"*

***Mr. Andrew Lukov**, Principal*

1835 South 9th Street Philadelphia, PA 19148
Phone: 215-952-8606 FAX: 215-952-8670

# साउथ वार्क प्राथमिक बिद्यालयको मुख्य जानकारी

## आमा बुवा वा अभिभावकहरुको जिम्मेवारी

- तपाईंको बालक सँग साउथवार्कको नियम र कानुनको समिक्षा गर्नु होस्
- तपाईंको फोन नम्बर वा ठेगानामा केही परिवर्तन भएको खण्डमा साउथवार्कलाई सुचना दिनु होला।
- साउथवार्कलाई हालको आपत्कालिन सम्पर्क जानकारी प्रदान गर्नु होला।
- तपाईंको बालक दैनिक रुपमा ठीक समयमा बिद्यालय आउँछ भनेर सुनिश्चित गर्नु होला
- तपाईंको बालकलाई लिन आउनु हुन्छ भने कृपया ठीक समयमा लिन आउन सुनिश्चित गर्नु होला
- अनुपास्थित भएको खण्डमा बिद्यालय फर्किँदाखेरी अनुपास्थिती भएको कारण लिखित रुपमा बिद्यालयलाई तीन दिन भित्रमा प्रदान गर्नु होला।
- तपाईंको बालकलाई उचित बिद्यालय पोशाकमा छ भनेर सुनिश्चित गर्नु होला।
- तपाईंको बालकले दैनिक रुपमा बिद्यालयका किताबहरु र सामाग्रीहरु साथ बिद्यालय आउँछ भनेर सुनिश्चित गर्नु होला।
- रिपोर्ट कार्ड सम्मेलन र बिशेष कार्यक्रमहरुमा जानु होला
- गृहकार्य पुरा भएको छ भनेर सुनिश्चित गर्नु होला र शिक्षकको टिप्पणी र सुझावको लागि दैनिक हेर्नु होला।

## मोबाईल फोनको नियम

- फोन प्रयोग गरिएको खण्डमा फोन जफत गरिन्छ।
- पहिलो पटक: दिनको अन्त सम्म फोन जफत गरिन्छ र त्यस् पछी फिर्ता गरिन्छ।
- दोर्सो पटक: प्रधानाध्यापकले फोन राख्नु हुने छ र आमा बुवा वा अभिभावकहरुलाई मात्र प्रदान गरिन्छ।
- तेस्रो पटक: साउथवार्क बिद्यालयको मोबाईल फोन सम्झौता लागु गरिन्छ।

## स्वयम सेवकहरु

- साउथवार्क बिद्यालयले समुदायका सदस्यलाई स्वयम सेवक हुन प्रोत्साहन गरिन्छ।
- स्वयम सेवकहरुले चाहिने निकासी प्राप्त गर्नु पर्ने हुन्छ।
- प्रधानाध्यापकले कार्यहरुको नियुक्ती गर्नु हुने छ।/

**बिद्यालय यात्राहरु**

- आमा बुवाहरुले सहमती पत्र सही गर्नु पर्ने छ।
- फोन र टेक्स्ट मेसेजलाई सहमती भनेर स्विकार गरिने छैन।
- सही गरिएको अनुमती पत्र बिना कोही बालकले कक्षा यात्रामा जान पाउन सक्ने छैन।
- स्वयमसेवकहरुले आफ्नै गाडीमा बालकहरुलाई लग्न पाउने छैनन् ।
- साउथवार्क मा नभएका विद्यार्थीहरुलाई भाग लिन अनुमती छैन।

**बिद्यालय भेट**

- आमा बुवाहरुले मुख्य कार्यालय बाट अनुमती प्राप्त गर्नु पर्ने हुन्छ।
- आमा बुवाहरुलाई सिधा कक्षा कोठा जान अनुमती छैन।
- भेट्न आएका आमा बुवा वा अभिभावकहरुले ढोकामा सही गर्नु पर्छ र आगन्तुक पास लगाउनु पर्छ।
- कुनै कारणको लागि पनि अरु व्यक्तिको बालक सँग कुरा गर्न अनुमती हुने छैन।
- यदी तपाईंलाई अर्को व्यक्तिको बालकको बारे केही चिन्ता छ भने साउथवार्कको स्टाफ सदस्यलाई भन्नु होला।

**फोटो**

- बर्ष भरी विद्यार्थीको फोटो लिइने छ।
- तपाईंको बालकको फोटो लिन अनुमती नभएको खण्डमा तपाईंले लिखित रुपमा प्रधानाध्यापकलाई भन्नु पर्ने हुन्छ।

## साउथवार्क प्राथमिक बिद्यालय सेवाहरु

**स्वास्थ्य र चिकित्सा सेवाहरु**

- हप्ताको दुई दिन नुर्स हुने छ।
- सम्पूर्ण विद्यार्थीहरुले कान र आँखाको मुल्याङ्कन प्राप्त गर्ने छ।
- आप्तकालिन अवस्थाको लागि नर्स उपलब्ध हुने छन्।
- आमा बुवाले टिप्पणी लेखेपछी बालकलाई छोटो समयको लागि लेबल गरिएको बोटलको औषधी प्रदान गर्न सकिन्छ।
- लामो समयको औषधी डाक्टरले लेखेको टिप्पणी प्राप्त गरेपछी मात्र प्रदान गर्न सकिन्छ।
- बिद्यालय भित्र विद्यार्थीहरु सँग औषधी हुन अनुमती छैन।

**सल्लाह्कार सेवाहरु**

- बिद्यालयको सल्लाह्कारले विद्यार्थीहरुलाई व्यक्तिगत, सामाजिक वा बिद्यालयको समस्यामा ध्यान केन्द्रित गरी व्यक्तिगत रुपमा वा सामुहिक रुपमा सल्लाह दिने छ।
- उत्पिडन र दुर्व्येवहारको मामिलाहरु बिद्यालयका सल्लाह्कारलाई रिपोर्ट गरिन्छ
- बिद्यालयका सल्लाहकारले उत्पिडान र दुर्व्येवहारका घटनाहरुको अनुसन्धान गर्ने छ र दुबै पीडित र अपराधीलाई सल्लाह प्रदान गर्ने छ।/
- बिद्यालयका सल्लह्कारले बालकहरु बिचका समस्याहरुको मध्यस्थता गर्ने छ र शिक्षक, आमा बुवाहरु र समुदायका साझेदारहरु सँग मिली काम गर्ने छ।
- सल्लाह्कारले विद्यार्थीको उपस्थिती पनी हेर्ने छ र सल्लाह्कारलाई उपस्थितीको बारे प्रश्न सोध्न सक्नु हुने छ।
- परिवारहरुलाई सहयोग गर्न दोभाषे सल्लाह सहायकहरु बिभिन्न दिनहरुमा उपलब्ध हुने छन्।
- तपाईंको बालकको बारे केहीकुरामा चिन्ता भएको खण्डमा सल्लाह्कार स्टाफलाई संपर्क गर्नु होला। सल्लाह्कार र दोभाषे सल्लाह सहायकहरु परिवार र विद्यार्थीलाई सहयोग गर्नको लागि उपलब्ध छन्।

**अनुवाद सेवाहरु**

- हरेक स्टाफ सदस्यहरु सँग तेलेफोन द्वारा अनुवाद सेवा प्रदान गर्ने योग्यता हुन्छ।
- २०० वटा भाषाहरुमा अनुवाद सेवा उपलब्ध हुन्छ।
- यि सेवाहरु व्यक्तिगत सम्मेलनमा प्रयोग गरिन्छ वा तीन जनाको फोन कुराकानीमा प्रदान गरिन्छ।

**बिहानको खजा र दिउँसोको खाना**

- हरेक विद्यार्थीकालागी बिहानको खाजा र दिउँसोको खाना प्रदान गरिन्छ।
- बिहानको खाजा बिहानको ८ बजे खाना खाने कोठामा प्रदान गरिन्छ।/
- सम्पूर्ण विद्यार्थीहरुलाई खाना खाने समय राम्रो अनुभव बनाउन विद्यार्थीहरुले यि कुराहरु गर्ने छन्
    - नित्ती गरेको टेबलमा बस्नु होला
    - दिउँसोको खानामा नबोलाए सम्म बस्नु होला
    - टेबलहरु राम्रो रुपमा राख्नु होला
    - सम्पूर्ण फोहोरहरु राम्रो रुपमा फाल्नु होला
    - पुरा खाना खाने समय सम्म कोठामा बस्नु होला।
    - हरेक टेबललाई बरखास्त गर्न कुर्नु होला
    - रेडियो, हेडफोन, पेजर, मोबाईल फोन, एलेकत्रोणिक गेम वा खेलाउनहरु खाना खाने कोठामा वा बिद्यालय भित्र लिएर आउन मनाही छ।